आज मिति २०७९/१०/२५ गतेका दिन धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्युको अध्यक्षतामा यस सुदुरपश्चिम प्रदेश अन्तर्गत कैलाली र कंचनपुर जिल्लाका स्थानीय तहहरु बीच समन्वय, सहकार्य गर्न एवं पालिकहरुले गरेका आ-आफ्नो असल अभ्यासहरुका बारेमा जानकारी गराउनका साथै आवश्यक संयुक्त सहकार्य गर्न र स्थानीय तहहरुको स्व:मुल्यांकन थप प्रभावकारी बनाउन यस धनगढी उप-महानगरपालिकामा आयोजना गरिएको कैलाली र कंचनपुर जिल्लाका स्थानीय तहहरुका प्रमुखज्यूहरुको पहिलो समन्वयात्मक बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको निर्णयहरु गरियो ।

| क्रम. सं. | नाम थर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री गोपाल हमाल | नगर प्रमुख | धनगढी उप-महानगरपालिका | |
| २. | श्री बिरेन्द्र भट्ट | नगर प्रमुख | गोदावरी नगरपालिका | |
| ३. | श्री रामलाल डगौरा थारु | नगर प्रमुख | टिकापुर नगरपालिका | |
| ४. | श्री देवी दत्त कडेल | नगर प्रमुख | गौरीगंगा नगरपालिका | |
| ५. | श्री खडक बहादुर रावत | नगर प्रमुख | घोडाघोडी नगरपालिका | |
| ६. | श्री केवल चौधरी | नगर प्रमुख | भजनी नगरपालिका | |
| ७. | श्री सुशिला शाही | नगर प्रमुख | लम्किचुहा नगरपालिका | |
| ८. | श्री पदम बोगटी | नगर प्रमुख | भीमदत्त नगरपालिका | |
| ९. | श्री तोय प्रसाद शर्मा | नगर प्रमुख | पुनर्बास नगरपालिका | |
| १०. | श्री रण बहादुर महरा | नगर प्रमुख | शुक्लाफाँटा नगरपालिका | |
| ११. | श्री हेमराज ओझा | नगर प्रमुख | कृष्णपुर नगरपालिका | |

| | | | | |
|---|---|---|---|---|
| १२. | श्री भोजराज बोहरा | नगर प्रमुख | बेदकोट नगरपालिका | |
| १३. | श्री पोतिलाल चौधरी | नगर प्रमुख | बेलौरी नगरपालिका | |
| १४. | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | दोधारा चाँदनी नगरपालिका | |
| १५. | श्री राज समझ चौधरी | अध्यक्ष | कैलारी गाउँपालिका | |
| १६. | श्री चक्र बहादुर बोगटी | अध्यक्ष | चुरे गाउँपालिका | |
| १७. | श्री चित्र बहादुर चौधरी | अध्यक्ष | जोशीपुर गाउँपालिका | |
| १८. | श्री गणेश चौधरी | अध्यक्ष | जानकी गाउँपालिका | |
| १९. | श्री कर्ण बहादुर कुँवर | अध्यक्ष | बर्दगोरीय गाउँपालिका | |
| २०. | श्री देवीदत्त उपाध्याय | अध्यक्ष | मोहन्याल गाउँपालिका | |
| २१. | श्री हरिश चन्द्र राना | अध्यक्ष | बेलडांडी गाउँपालिका | |
| २२. | श्री निर्मल राना | अध्यक्ष | लालझाडी गाउँपालिका | |
| २३. | श्री कन्दकला कुमारी राना | उप-प्रमुख | धनगढी उप-महानगरपालिका | |
| २४. | श्री अशोक सिंह | प्र.ना.म.नि. | प्रदेश प्रहरी कार्यालय | |
| २५. | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ. | धनगढी उप-महानगरपालिका | |

| | | | | |
|---|---|---|---|---|
| २६. | श्री देवेन्द्र बहादुर पाल | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, कैलाली | |
| २७. | श्री श्याम सिंह चौधरी | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर | |
| २८ | भरत ब. चौधरी | प्र.ना.उ. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | |
| २९ | नगेन्द्र डांगी | ,, | ,, | |
| ३०- | चन्द्र बहादुर लामिछाने<br>वडा नं ४ अध्यक्ष | चुरे | चुरे गाउँपालिका | |
| ३१- | हिमाल जोशी | अध्यक्ष | पत्रकार महासंघ कैलाली | |
| ३२. | पवित्रा खड्का | नि.प्र.म.आ | कैलाली कारागार का. | |
| ३३. | डिल्लीराज ओझा | प्र.प्र. | धनगढी उपमहानगरपालिका | |
| ३४ | सुरेन्द्र सिंह ठकुरी | प्र.अधि. | ,, ,, ,, | |
| ३५ | अनुप भट्ट | It offi | ,, ,, ,, | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**निर्णय न. १:**

कैलाली जिल्लाको गोदावरी नगरपालिकाको गेटामा अवस्थित मेडिकल कलेज, नेपाल सरकारको ठूलो धनराशीको लगानीमा निर्मित सुदूरपश्चिम प्रदेशको गौरव योजना हो। प्रदेशको गौरव योजनाको रुपमा रहेको प्रदेशकै एकमात्रै उक्त मेडिकल कलेजलाई शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा संचालन गर्न यस प्रदेशबासीको उत्कृष्ट चाहना र आवश्यकता हो। तसर्थ, उक्त गेटा मेडिकल कलेजलाई "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान प्रतिष्ठान" को रुपमा सञ्चालन गर्न संघीय सरकारले सो सम्बन्धी कानून निर्माण गरी यथाशिघ्र सञ्चालनमा ल्याउनका लागि आजको स्थानीय तहका प्रमुखहरुको यो पहिलो समन्वयात्मक बैठकले नेपाल सरकार, सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यू समक्ष अनुरोध गर्दछ।

**निर्णय नं. २:**

कैलाली र कंचनपुर जिल्लाका स्थानीय तहमका प्रमुखहरुले आ-आफ्नो स्थानीय तहले गरेका असल अभ्यासहरु,प्राप्त उपलब्धिहरु,कार्यन्वयनका चुनौतीहरु बिध्यमान भोग्नुपरेका समस्याहरुको अलावा स्थानीय तहका बिच सयुक्त सहकार्यका क्षेत्रहरु बारेमा प्रस्तुति राख्नु भई जानकारी आदान प्रदान गरियो।

**निर्णय नं. ३:**

वेदकोट नगरपालिका क्षेत्र भित्र रहेका दैजी औद्योगिक क्षेत्रलाई संचालन गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:**

सुदुरपश्चिम प्रदेश क्षेत्र पर्ने पुर्व पश्चिम राजमार्गको गड्डाचौकी देखि चिसापानी खण्डको DPR तयार गरि ६ लेन सम्मको सडक निर्माण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

टिकापुर स्थित विमानस्थललाई तत्काल संचालनमा ल्याउन नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:**

सुदुरपश्चिम प्रदेश प्रहरी प्रमुख प्र.ना.म.नि. श्री अशोक सिंह ज्यु द्वारा लागु औषध नियन्त्रण महाअभियान २०७९ संचालन गर्ने सम्बन्धमा प्रस्तुति राख्नु भयो र सुदुरपश्चिम प्रदेश द्वारा धनगढी उप-महानगरपालिकालाई हस्तान्तरण गरिएको धनगढी उप-महानगरपालिकाको वडा न. १४ स्थित जेष्ठ नागरिक भवनलाई लागु औषध दुर्व्यशनीमा लागेका व्यात्तिहरुका लागी कैलाली र कंचनपुर जिल्लाका स्थानीय तहहरुको साझेदारीमा पुनर्स्थापना केन्द्रका रुपमा संचालन गर्ने निर्णय गरियो। यसको लागि तत्कालका लागि देहाय बमोजिमको बजेट निकासा गर्ने निर्णय गरियो।

१. उप-महानगरपालिका : रु. १०,००,०००/-

२. नगरपालिकाहरु: रु. ५,००,०००/-

३. गाउँपालिकाहरु: रु. ३,००,०००/-

(बजेट निकासाका लागि सुदुर पश्चिम प्रदेश प्रहरी कार्यालयले समन्वय गर्नेछ ।)

**निर्णय नं. ७:**

स्थानीय तहहरुका बिच सहकार्य क्षेत्रका बिषयहरु पहिचान गरी कार्यान्यन गर्न र असल अभ्यासहरुलाई आदान प्रदान गर्न समन्वयात्मक बैठकको आबश्यकता पर्ने भएकोले यसलाई निरन्तरता दिन सहमत हुदै दोश्रो समन्वयात्मक बैठक भीमदत्त नगरपालिका, कंचनपुरले २०७९ फाल्गुन महिनामा आयोजना गर्ने निर्णय गरियो ।